(सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा ३ तथा सूचनाको हक सम्बन्धि नियमावली , २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८१ साल चैत्र मसान्त सम्म सम्पादिक प्रमुख कृयाकलापहरु
(स्वतः प्रकाशन)

गण्डकी प्रदेश सरकार

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय,

## भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय


कावासोती, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

फोन नं. ०७८५९०८७८

इमेलः groundwater2075@gmail.com


नि. कार्यालय प्रमुख

Scanned with CamScanner

# २०८१ साल चैत्र मसान्त सम्म सम्पादिक प्रमुख कृयाकलापहरु (स्वतः प्रकाशन)

प्रकाशकः

प्रदेश सरकार
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय
नवलपरासी (ब.स.पु.)
गण्डकी प्रदेश, नेपाल

गण्डकी प्रदेश सरकार

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय,

भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय

कावासोती, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

फोन नं.: ०७८-५९०८७८

इमेलः groundwater2075@gmail.com

प्रकाशन मिति: २०८२/०१/०५

नि. कार्यालय प्रमुख

Scanned with CamScanner

प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय
नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

## मन्तव्य

देशको सार्वजनिक प्रशासन सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाई कानुनी राज्यको अवधारणालाई व्यवहारमा ल्याउनको लागि राज्यका हरेक सार्वजनिक निकायहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सार्वजनिक निर्माण र सिंचाईको पूर्वाधार विकासको माध्यमबाट देशमा पूँजी निर्माण गरि राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिने उदेश्यले ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय, गण्डकी प्रदेश अन्तर्गत आ.व. २०७५/७६ मा वाह्रै महिना दिगो सिंचाई सुविधा विस्तार गर्न यस गण्डकी प्रदेश भूमिगत जलस्रोत तथा सिंचाई कार्यालयको स्थापना भएको हो । हालको अवस्थामा यस कार्यालयले नवलपरासी (ब.सु.पू.), बागलुङ, गोरखा, लमजुङ, कास्की, मनाङ्ग, मुस्ताङ, म्याग्दी, तनहुँ, पर्वत र स्याङ्जा जिल्लाहरुमा भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय, नवलपरासी (व.सु.पूर्व) ले भूमिगत सिंचाई तर्फ विकास र व्यवस्थापन गर्दै आएको छ ।

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्वन्धि नियामावली २०६५ मा प्रत्यक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण सहितको प्रकाशन ३/३ महिनामा गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । गण्डकी प्रदेश भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलन गराउनका लागि २०८१ साल चैत्र मसान्तसम्मको अवधिमा सम्पादित प्रमुख कार्यहरुको विवरण प्रकाशित गरेका छौं । सार्वजनिक सेवा प्रवाहमा पारदर्शीता कायम गरी जिम्मेवारी र उत्तरदायित्व वहन गर्ने कार्यमा हामीलाई सरोकारवालाहरुबाट सधैं जस्तै निरन्तर सहयोग, सल्लाह र सुझाव प्राप्त हुनेछ भन्ने विश्वास हामीले लिएका छौं ।

..........................
लेलिन राज ढुङ्गेल
नि.कार्यालय प्रमुख

नि. कार्यालय प्रमुख

मितिः २०८२/०१/०५

प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
पूर्विनेड जलस्रोत तथा सिंचाई कार्यालय
नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

## विषयसूची:


१. कार्यालयको स्वरुप र प्रकृति........................................................१
२. कार्यालयको उदेश्यहरु........................................................१
३. कार्यालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण ........................२
४. कार्यालयबाट प्रदान गरिने सेवा........................................................३
५. कार्यालयको सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी..................४
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि........................................................४
७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी........................................४
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी........................................................४
९. कार्यालयले सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण....................................४
१०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद..............................................५
११. ऐन, नियम,विनियम वा निर्देशिकाको सूची........................................................५
१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण....................५
१३. सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण........................................................६
१४. कार्यालयले गरेको कार्यक्रम र सो को प्रतिवेदन................................................६


नि. कार्यालय प्रमुख

Scanned with CamScanner

## १. कार्यालयको स्वरुप र प्रकृतिः-

गण्डकी प्रदेश सरकारले डिप तथा स्यालो टयुवेल सिचाई कार्यक्रम अन्तर्गत धानको मुख्य क्षेत्र, भरपर्दो सिंचाई सेवाको अभाव तथा कृषिका लागी उन्नत विउबिजन, मलखाद तथा प्राविधिक सेवाको अभावको कारण उत्पादन वृद्धिको साटो हास हुदै गएको गएको देखिन्छ । यसबाट तराईको आर्थिक विकास तथा त्यहाका जनताको सम्वृद्धिमा अपेक्षित वृद्धि हुन नसकिरहेको सन्दर्भमा सो क्षेत्रको सम्वृद्धिको लागि भरपर्दो सिंचाई सेवाको व्यवस्था गरी किसानको आय आर्जनमा वृद्धिका साथै स्थानिय स्तरमा रोजगारी सिर्जना गरिने कृषियोग्य जमिनमा भूमिगतजलको माध्यमबाट सिंचाईको सेवा र सुविधा विस्तार गर्न मिति २०७५/०९/०८ को निर्णयानुसार कास्की जिल्लाको पोखरामा कार्यालय स्थापना भई स्यालो टयुबवेल तथा डिप टयुववेल कार्यक्रमहरु कार्यान्वयन गर्ने काम सुचारु भएको थियो । मिति २०८१/०४/१० गतेको गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकको निर्णयबाट भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय कास्कीलाई आ.व. २०८१/०८२ को श्रावण महिना देखि सम्पर्क कार्यालय राखी मुख्य कार्यालय लाई कास्कीवाट नवलपरासी (व.सु.पूर्व) को कावासोतीमा स्थानान्तरण गर्ने भन्ने अनुरोध तथा निर्देशन भएकोले यस कार्यालय हाल नवलपरासी (व.सु.पूर्व) मा मिति २०८१/०६/१० देखि सेवा प्रवाह सुचारु गरिएको हो ।

## २. कार्यालयको उदेश्यहरुः-

यस भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय, गण्डकी प्रदेशवाट चालु आ.व मा निम्न अनुसारका कार्यक्रमहरु संचालनमा रहेका छन ।

### २.१ भूमिगत स्यालो तथा डिप टयुबवेल सिंचाई आयोजना

यस आयोजनाबाट गण्डकी प्रदेशका ११ वटै जिल्लामा कृषियोग्य भुमिमा वाह्रै महिना भरपर्दो सिंचाई सुबिधाका लागी उपलब्ध स्रोत तथा सम्भावनाका आधारमा नयाँ क्षेत्रमा भूमिगत सिचाई सेवाको विस्तारका कार्यक्रमहरु विभिन्न निकायहरुको सहकार्यमा संचालन गरिने छ ।

आयोजनाका प्रमुख उदेश्य निम्न अनुसार रहेका छन ।

१.भूमिगत जल सिचाईवाट भरपर्दो सिचाई सेवा विकास गर्ने ।

- क. कृषि योग्य जमिनमा भूमिगत जल प्रयोग गरी ३३० हेक्टर क्षेत्रफलमा सिचाई सुविधा विस्तार गर्न २२ गोटा डिप टयुववेल निर्माण गर्ने ।
- ख. कृषि योग्य जमिनमा भूमिगत जल प्रयोग गरी ५० हेक्टर क्षेत्रफलमा सिचाई सुविधा विस्तार गर्न २० गोटा स्यालो टयुबवेल निर्माण गर्ने ।
- ग. डिप टयुववेल निर्माण पश्चात त्यसका लागी आवश्यक अन्य संरचनाहरु ( पम्प घर, पम्प जडान, विद्युकिरण, वितरण प्रणाली निर्माण गर्ने ।



Scanned with CamScanner

२. कृषि प्रचार प्रसार तथा क्षमता अभिवृद्धि

क) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, कृषक उपभोक्ताका लागी तालिम संचालन गर्ने ।

## ३. कार्यालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण:-

यस कार्यालयमा प्राविधिक शाखा, लेखा शाखा र प्रशासन शाखा रहेका छन । यस कार्यालयको आ.ब २०८१/०८२ को स्विकृत दरबन्दी अनुसार ११ जन कर्मचारीको व्यवस्था रहेको छ । जुन विवरण तालिका १ मा दिईएको छ । चालु आ.ब. २०८२/०८२ मा ६ जना कर्मचारीहरु कार्यरत रहेका छन जुन तालिका २ मा देखाईएको छ ।

### तालिका: १ कार्यालयको स्विकृत दरबन्दी

गण्डकी प्रदेश सरकार

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय,

**भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय**

कावासोती, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

| क.स. | पद | सेवा | समूह | उप समूह | श्रेणी/तह | प्रस्तावित दरबन्दी | थप/घट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | सि.डि. हाइड्रोजियोलोजिस्ट | ईन्जिनियरिङ | जियोलोजी | हाइड्रोजियोलोजि | नवौं/दशौं | १ | -१ | |
| २. | हाइड्रोजियोलोजिस्ट | ईन्जिनियरिङ | जियोलोजी | हाइड्रोजियोलोजि | सातौं/आठौं | १ | ० | |
| ३. | इन्जिनियर | ईन्जिनियरिङ | सिभिल | इरिगेशन | सातौं/आठौं | १ | -१ | |
| ४. | सव-इन्जिनियर/अधिकृत | ईन्जिनियरिङ | सिभिल | इरिगेशन | पाँचौं/छैटौं | १ | ० | |
| ५. | असिस्टेन्ट ग्राउण्ड वाटर हाइड्रोजियोलोजिस्ट | ईन्जिनियरिङ | जियोलोजी | हाइड्रोजियोलोजि | पाँचौं/छैटौं | १ | -१ | |
| ६. | सव-इन्जिनियर/अधिकृत | ईन्जिनियरिङ | ईलेक्ट्रिकल | - | पाँचौं/छैटौं | १ | -१ | |
| ७. | सहायक/अधिकृत | प्रशासन | लेखा | - | पाँचौं/छैटौं | १ | ० | |
| ८. | सहायक | प्रशासन | सामान्य प्रशासन | - | चौथौं/पाँचौं | १ | -१ | |
| ९. | ह.स.चा. | ईन्जिनियरिङ | मेका | ज.मे. | श्रेणीविहिन | १ | ० | |
| १०. | का.स. | प्रसाशन | सामान्य प्रशासन | - | श्रेणीविहिन | २ | ० | |
| जम्मा | | | | | | ११ | -५ | |

नि. कार्यालय प्रमुख



Scanned with CamScanner

## तालिका: २ कार्यालयमा कार्यरत कर्मचारी विवरण

| क्रम | पदको नाम | तह | सेवा | समूह | उप समूह | कुल दरबन्दी | पदपूर्ति सङ्ख्या | | | रिक्त सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | जम्मा | | |
| अधिकृतस्तर | | | | | | | | | | | |
| १ | सि.डि. हाइड्रोजियोलोजिस्ट | नवौ दशौं/ | ईन्जिनियरिङ | जियोलोजी | हाइड्रोजियोलोजी | १ | | | | १ | |
| २ | हाइड्रोजियोलोजिस्ट | सातौं आठौं/ | ईन्जिनियरिङ | जियोलोजी | हाइड्रोजियोलोजी | १ | १ | | १ | | |
| ३ | इन्जिनियर | सातौं आठौं/ | ईन्जिनियरिङ | सिभिल | इरिगेशन | १ | | | | १ | |
| ४ | सवअधिकृत/इन्जिनियर- | पाचौं छैठौं/ | ईन्जिनियरिङ | सिभिल | इरिगेशन | १ | १ | | १ | | |
| ५ | असिस्टेन्ट ग्राउन्ड वाटर हाइड्रोजियोलोजिस्ट | पाचौं छैठौं/ | ईन्जिनियरिङ | जियोलोजी | हाइड्रोजियोलोजी | १ | | | | १ | |
| ६ | सब इन्जिनियरअधिकृत/ | पाचौं छैठौं/ | ईन्जिनियरिङ | इलेक्ट्रिकल | _ | १ | | | | १ | |
| ७. | सहायक अधिकृत/ | पाचौं छैठौं/ | प्रशासन | लेखा | _ | १ | १ | | १ | | |
| | | | | | अधिकृतस्तरको जम्मा | ७ | ३ | | ३ | ४ | |
| सहायकस्तर | | | | | | | | | | | |
| १ | सहायक | चौथौ पाँचौं/ | प्रशासन | _ | _ | १ | | | | १ | |
| | | | | | सहायकस्तरको जम्मा | १ | | | | १ | |
| सहयोगीस्तर हलुका सवारीचालक र कार्यालय सहयोगी,माली आदि | | | | | | | | | | | |
| १ | ह.चा.स. | श्रेणीविहिन | ईन्जिनियरिङ | मेका | ज.मे. | १ | | १ | १ | | |
| २ | का.स. | श्रेणीविहिन | प्रशासन | सामान्य प्रशासन | _ | २ | | २ | २ | | |
| | | | | | सहायोगीस्तरको जम्मा | ३ | | ३ | ३ | | |
| | | | | | कुल जम्मा | ११ | ३ | ३ | ६ | ५ | |

## ४. कार्यालयबाट प्रदान गरिने सेवा:-

यस कार्यालयबाट तपसित बमोजिमका सेवाहरु प्रदान गरिदै आएको छ ।

- डिप ट्युबवेल निर्माण र संरचनाहरु विस्तार कार्य
- स्यालो ट्युबवेल निर्माण कार्य
- कृषकहरु, स्थानीय किसानहरुको विविध माग सम्बोधन गर्ने
- योजना माग, छनौट, सिफारिस र कार्यान्वयन गर्ने
- संस्थागत विकास तालिम तथा गोष्ठी, जनचेतना अभिवृद्धी गर्ने
- भूमिगत जलस्रोतको सम्भाव्यता अध्ययन तथा तथ्याङ्क संकलन कार्य

नि. कार्यालय प्रमुख



Scanned with CamScanner

## ५. कार्यालयको सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः-

| क.स. | शाखा | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १. | प्राविधिक शाखा | सिनियर सब-इन्जिनियर | |
| २. | लेखा शाखा | लेखा अधिकृत | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः-

क. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

१. सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम र

२. अन्य विशेष कानुनले तोके बमोजिमको दस्तुर

ख. सेवा प्राप्त गर्न लाग्ने अवधि

१. सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र

२. अन्य विशेष कानुनले अवधि तोकेकोमा सोही बमोजिमको

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः-

यस कार्यालयमा प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित शाखामा आवश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखवाट कारवाही प्रकृया अगाडी बढाईने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः-

कार्यालय प्रमुख श्री लेलिन राज ढुङ्गेल ।

## ९. कार्यालयले सम्पादन गरेका मुख्य-मुख्य कामको विवरणः-

यस कार्यालयले यस अवधिका सम्पन्न गरेको मुख्य कामको विवरण यस प्रकार रहेको छ ।

- २२ गोटा डिप टयुबवेल निर्माण सम्पन्न भएको ।
- २० गोटा स्यालो टयुबवेल निर्माण सम्पन्न भएको ।
- १५ गोटा पम्पघर निर्माण कार्य सम्पन्न भएको ।
- १२ गोटा पम्प जडान कार्य सम्पन्न भएको ।
- १२ गोटा विघुतीकरण कार्य सम्पन्न भएको ।
- ८ गोटा वितरण प्रणाली निर्माण कार्य सम्पन्न भएको ।

उपभोक्ता किसानहरुसँग छलफल, अन्तक्रिया मार्फत कार्यालयले संचालन गर्ने डिप टयुबवेल तथा स्यालो टयुबवेल कार्यक्रमको बारेमा सूचना प्रवाह, जानकारी प्रदान गरिएको ।



नि. कार्यालय प्रमुख

Scanned with CamScanner

७. उपभोक्ता किसानहरुको माग, चासो र सरोकारका विषयहरुको सम्बोधन गरिएको ।

८. यस अवधिमा करिब ३८० हेक्टर जमिनमा सिंचाई सुविधा विस्तार भएको ।

## १०. सुचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पदः-

| | | |
|---|---|---|
| प्रमुख | कार्यालय प्रमुख | श्री लेलिन राज ढुङ्गेल (९८५६०१३१८८) |
| सूचना अधिकारी | सिनियर सव-इन्जिनियर | श्री मुकेश वि.क. (९८५६०४८६२९) |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सुचीः-

क. नेपालको संविधानः-

ख. ऐनः-

१. जलस्रोत ऐन, २०४९
२. सार्वजनिक खरिद ऐन, २०६३
३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
४. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९
५. प्रदेश सिंचाई ऐन, २०७९

ग. नियमावलीः-

१. जलस्रोत नियमावली, २०५०
२. सिंचाई नियमावली, २०५६
३. सार्वजनिक खरिद नियमावली, २०६४
४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
५. गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९

घ. नीतिः-

१. सिंचाई नीति २०७०, २०८०
२. राष्ट्रिय जलस्रोत नीति २०७७

ङ. कार्यविधिः-

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि स्विकृत कार्यविधि २०८१

## १२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरणः-

यस गण्डकी प्रदेश भूमिगत जलस्रोत तथा सिंचाई कर्यालायबाट यस आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिक प्रगति विवरण तल प्रस्तुत गरिएको छ ।



नि. कार्यालय प्रमुख

Scanned with CamScanner

भूमिगत स्यालो तथा डिप ट्युववेल सिंचाई कार्यक्रम (बजेट उपशीर्षक नं.: ३४००३००३४)

| तेस्रो त्रैमासिक प्रगति विवरण | | | | |
|---|---|---|---|---|
| शीर्षक | आ.व.२०८१/०८२को तेस्रो त्रैमासिकमा विनियोजित बजेट रू. लाखमा | चालु आ.व.को तेस्रो त्रैमासिकको खर्च रू. लाखमा | तेस्रो त्रैमासिकको प्रगति प्रतिशत (%) | कैफियत |
| वित्तीय प्रगति | ६५१.९६ | ७९३.७२ | १२१.७५ | |
| भौतिक प्रगति | | | ८९.५३ | |

## १३. सुचनाहरु अन्यत्र प्रकाशन भएको विवरण:-

यस गण्डकी प्रदेश भूमिगत जलस्रोत तथा सिंचाई कार्यालयको आवश्यक सूचनाहरु यसै कार्यालयको सूचना पाटी र कार्यालयको वेभसाइट gwriokaski.gov.np. मा समेत नियमित रुपमा प्रकाशन गरिएको छ ।

## १४. कार्यालयले गरेको कार्यक्रम र सो को प्रतिबेदन:-

आवश्यकता अनुसार प्रकाशन गर्ने गरेको ।

"धन्यवाद"

नि. कार्यालय प्रमुख



Scanned with CamScanner